# कर्जन्हा नगरपालिका
# Karjanha Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
कर्जन्हा, सिराहा, मधेश प्रदेश, नेपाल
Karjanha, Siraha, Madhesh Province, Nepal


प.स (Letter No.) :२०७८/०७९
च.नं (Ref. No.)

मिति:२०७९/०२/१६

**कोभिड-१९ को माहामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना।**

कोभिड-१९ को प्रभाववाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका यस कर्जन्हा नगरपालिकाको ८०१ अति विपन्न गरिव परिवारलाई चालु आर्थिक वर्ष २०७८/०७९ मा राहत स्वरुप एक पटकका लागि प्रति परिवार रु १०,०००(दश हजार)का दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ। त्यस्तो अनुदान प्राप्त गर्न तल (क) मा उल्लेखित मापदण्ड भित्र पर्ने र खण्ड (ख) बमोजिम अयोग्य नभएको देहाय बमोजिमका परिवारको कुनै एक मात्र सदस्यले यो सूचना प्रकाशित भएको १५ दिन भित्र आफु स्थायी वा अस्थायी(न्यूनतम विगत ६ महिना देखि) रुपमा बस्दै आएको यस कर्जन्हा नगरपालिकाको सम्बन्धीत वडा कार्यालयमा कोभिड-१९ को महामारीवाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि,२०७८ को अनुसूची २ बमोजिमको ढाँचामा आ-आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही :-**

(१) विगतमा गर्दै आएको रोजगारी पूर्णरुपमा गुमाएको र रोजगारीको अर्को अवसर सममेत प्राप्त गर्न नसकी वेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,

(२) खुला सडक,फुटपाथ वा चौरमा खर्पन,नाङ्लो,डोको आदिमा सामान वेच्ने अति विपन्न व्यवसायी,

(३) दैनिक ज्याला मजदुरी,गोठाला,खेतला,ज्यालादारी श्रमिक,रिक्सा चालक,ठेलागाडा मजदुर,सार्वजनिक यातायातका मजदुर,पर्यटन भरिया,

(४) कोभिड-१९ संक्रमणको कारणबाट एका घर परिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक संकट झेल्नु परेका परिवार तथा अभिभावक गुमाएका असहाय नावालकलाई स्याहार गर्ने परिवार।

**(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार :-**

(१) निवेदन दिदाको समयमा निवेदनको एकाघर परिवारका कुनै सदस्यले सरकारी,निजी वा अन्य कुनै संघसंस्था वा वैदेशिक रोजगारीमा स्थायी,अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरि रहेको,

(२) परिवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक,एकल महिला,दलित वा अपाङ्ग) वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तभरण वा विदेश सरकारवाट पेन्सन सुविधा प्राप्त गरिरहेको,

(३) सञ्चित आय वा पैतृक सम्पतिबाट तत्कालको खर्च आवश्यक्ता पूरा गर्न सक्ने अवस्था रहेको,

(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार

यस संग सम्वन्धी अन्य जानकारी यस नगरपालिकाको वेवसाइट www.karjanhamun.gov.np मा समेत उपलब्ध रहेको व्यहोरा अनुरोध छ।

बोधार्थ:

श्री नगर प्रमुखको सचिवालय सादर अवगतार्थको लागि।

श्री नगर उपप्रमुखको सचिवालय सादर अवगतार्थको लागि।

२०७९/०२/१६

बुद्धिमान दनुवार

बुद्धिमान दनुवार
प्रमुख प्रशासकीय अधिकृत